# कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि,२०८०

प्रस्तावना: कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा १३ को उपदफा (२) बमोजिम कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक नियुक्तिको सिफारिस प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाई उपयुक्त उम्मेदवारको छनौट गर्ने प्रयोजनको लागि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा १३ को उपदफा (२) बमोजिमको सिफारिस समितिले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा १३ को उपदफा (२) बमोजिमको सिफारिस समितिले स्वीकृत गरेदेखि योग्य उम्मेवारको नाम सिफारिस गर्ने अवधिसम्म कायम रहनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० सम्झनुपर्छ।

(ख) "परिषद्" भन्नाले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा ६ को उपदफा (१) बमोजिमको प्रशिक्षण परिषद् सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले ऐनको दफा १३ को उपदफा (२) बमोजिम गठन भएको सिफारिस समितिलाई सम्झनुपर्छ।

३. **बैठक सम्बन्धी व्यवस्था:** (१) सिफारिस समितिको बैठक अध्यक्षले तोके बमोजिमको मिति, समय र स्थानमा बस्नेछ।

(२) बैठकको सूचना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समितिका सदस्यहरुलाई दिनुपर्नेछ।

(३) बैठकको निर्णय सर्वसम्मतिबाट सामुहिक हस्ताक्षर गरि प्रमाणित गरिनेछ।

(४) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न वा कुनै कामको लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ।

४. **कार्ययोजना सहितको आवेदन माग गर्ने:** (१) ऐनको दफा १४ बमोजिम योग्यता पुगेका आवेदकले अनुसूची -१ बमोजिमको कागजात सहित आवेदन पेश गर्न १५ दिनको म्याद तोकी राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ र उक्त सूचना मन्त्रालयको वेबसाईटमा समेत राख्नुपर्नेछ।

(२) ईच्छुक उम्मेदवारले तोकिएको म्यादभित्र आफ्नो कार्ययोजना सहितको आवेदन मन्त्रालयमा दर्ता गराउनुपर्नेछ।

५. **कार्ययोजना अध्ययन:** (१) समितिले तोकिएको म्यादभित्र प्राप्त भएका कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरुको अध्ययन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएका आवेदनको अध्ययन गरि समितिले योग्य उम्मेदवारको मात्र सूचीकरण गर्नेछ।

(३) समितिले कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको व्यवस्थापन विकास, विस्तार र प्रवर्द्धन गरी केन्द्रको संचालन तथा व्यवस्थापनको जिम्मेवारी बहन गर्ने तथा नेतृत्व लिन सक्ने अवधारणागत पक्षलाई आधार मानि आवेदकहरुले पेश गरेका कार्ययोजनाहरुको छनौट गर्नुपर्नेछ।

६. <u>छनौटको मापदण्डः</u> (१) समितिले छनौट प्रकृयामा सहभागी भएका उम्मेदवारको देहाय बमोजिम अंक प्रदान गरि मूल्याङ्कन गर्नुपर्नेछः-

(क) शैक्षिक योग्यता - १० (दश अंक)

| स्नातकोत्तर | अंक बाँडफाड |
|---|---|
| प्रथम श्रेणी | १० |
| द्धितिय श्रेणी | ८ |
| तृतीय श्रेणी | ६ |

(ख) अनुभव - १० (दश अंक)

स्वायत्त शासन, प्रशासन, विकास, ब्यवस्थापन वा प्राज्ञिक क्षेत्रमा कम्तीमा आठ वर्ष अनुभव हासिल गरेको भए पाँच अंक र आठ वर्ष भन्दा बढी अनुभव भएकोलाई प्रति वर्ष एक अंकका दरले पाँच वर्ष सम्मको अधिकतम ५ (पाँच अंक) गरी जम्मा -१० (दश अंक)

(ग) व्यवसायिक कार्ययोजना तयारी -४० (चालिस अंक),

- संस्थाको यथार्थ अवस्था बारेमा जानकारी - ५
- स्पष्ट धारणा - ५
- सृजनशिलता, विश्लेषण तथा तार्किकता - १०
- समस्याको पहिचान र सुधारको लागि सुझाव - १०
- कार्ययोजनाको ढाँचा र लेखन शैली - १०

(घ) कार्ययोजना प्रस्तुतिकरण -२० (बीस अंक)

- प्रस्तुतीकरण -५
- प्रस्तुतीको ढाँचा र विधि - २
- स्पष्ट धारणा - २
- आत्मविश्वास - २

- क्रिया प्रतिक्रियामा दक्षता (अन्तरक्रिया) - २
- विषयवस्तुको सान्दर्भिकता र विश्वसनीयता - ५
- समयको व्यवस्थापन - २

(ङ) अन्तरवार्ता - २० (बीस अंक) ।

- व्यक्तित्व - ५
- विषय वस्तुको ज्ञान - ३
- सकारात्मकता - ३
- सृजनशील क्षमता - ३
- उठाइएका विषय सम्बोधन गर्ने क्षमता - ३
- संस्थागत अपेक्षा, संस्थाप्रतिको प्रतिवद्धता - ३

द्रष्टब्यः सदस्यले अंक प्रदान गर्दा खण्ड (क) र (ख) बाहेक अधिकतम ७० र न्यूनतम ३० को अनुपात भन्दा तलमाथि नहुने गरी गोप्य रुपमा दिनुपर्नेछ।

(२) उपदफा (१) को खण्ड (क) देखि (ङ) सम्ममा मूल्यांकन गर्न सो समितिले देहाय बमोजिमका विषयको आधारमा मूल्याङ्कन गर्नुपर्नेछः-

(क) कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको दिगो तथा गुणस्तरिय व्यवस्थापन, प्रशिक्षण विषयबस्तु, पाठ्यक्रम, प्रशिक्षण ब्यवस्थापन, छाता संगठन र आत्मनिर्भरता, उदेश्य प्राप्ति, कार्यक्षेत्र, यसको सेवा प्रवाहमा सुधार ल्याउन देखिएका विद्यमान चुनौति र अवलम्वन गर्नुपर्ने कार्यहरु, स्रोत व्यवस्थापन, समन्वय, अनुगमन, मूल्याङ्कन सहितको आत्मनिर्भर बनाउने कार्यान्वयन कार्ययोजना ।

(ख) कार्ययोजना प्रस्तुति तयारी वा निर्माण, विषयवस्तु प्रतिको ज्ञान र बुझाई, प्रस्तुति शैली, विषयवस्तुको सान्दर्भिकता र उपयुक्तता, कार्यान्वयन योग्य कार्ययोजना प्रस्तुतीकरण ।

(ग) व्यत्तित्व, विषयवस्तुको ज्ञान र प्रस्तुतिको आधारमा गरिने अन्तरवार्ता।

७. <u>सिफारिस:</u> दफा (६) बमोजिम मूल्याङ्कन भई आएका उत्कृष्ट तीन जनाको नाम समितिले योग्यताक्रम अनुसार प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

८. <u>पुनः सूचना गर्ने:</u> (१) दफा ४ को उपदफा (१) बमोजिमको म्यादभित्र आवेदन नपरेमा वा आवश्यक संख्या (तीन) आवेदन नपुगेमा वा अयोग्य देखिएमा पुनः सूचना जारी गरिनेछ।

(२) उपदफा (१) बमोजिम पुनः सूचना जारी गर्दा पहिला परेका योग्य आवेदनहरु कायम रहनेछन्।

९. <u>बाधा अड्काउ फुकाउने:</u> कुनै विषयमा अस्पष्टता वा दुविधा भएमा त्यसको समाधान गर्ने अधिकार समितिलाई रहनेछ । यो कार्यविधि बमोजिम कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक छनौट नभएसम्म यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा समितिको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ ।

# अनुसूची-१

## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरुः</u>

१. निवेदन

२. वैयक्तिक विवरण (Curriculum Vitae)

३. कार्ययोजना (कर्णाली प्रशिक्षण प्रतिष्ठानको परिचय, उदेश्य, कार्यक्षेत्र, यसको सेवा प्रवाहमा सुधार ल्याउन देखिएका विद्यमान चुनौति प्रशिक्षण बिषयवस्तु प्रशिक्षण ब्यवस्थापन छाता संगठन र आत्मनिर्भरता सम्वन्धमा अवलम्बन गर्नुपर्ने कार्यहरु, स्रोत व्यवस्थापन, समन्वय, अनुगमन, मूल्याङ्कन साथै समग्र कार्यहरुको कार्यान्वयन कार्ययोजना),

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

५. नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उतिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि,

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र भ्रष्टाचार सम्बन्धी कुनै पनि अभियोग अदालतमा नपरेको वा अदालतबाट प्रमाणित नभएको भनी निवेदनमा स्व घोषणा,

७. कुनै राजनितिक दलको सदस्य नभएको र प्रचलित कानून बमोजिम कुनै पनि विदेशी मुलुकको स्थाई आवासिय अनुमति पत्र नलिएको निवेदनमा स्व घोषणा,

८. स्वायत्त शासन, प्रशासन, विकास, व्यवस्थापन वा प्राज्ञिक क्षेत्रमा कम्तीमा आठ वर्षको अनुभव हासिल गरेको पुष्टि हुने कागजात।